# अनुसूची - २

( दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित )

## भीरकोट राजपत्र

# भीरकोट नगरपालिकाद्धारा प्रकाशित

खण्ड १ संख्या ११ मितिः २०७५/१०/०४

### भाग-१

### भीरकोट नगरपालिका

## भीरकोट नगरपालिकाको विनियोजन ऐन, २०७५ (पहिलो संशोधन सहित)

**नगर सभाबाट स्वीकृत मितिः २०७५/१०/०४**

**प्रस्तावनाः**

भीरकोट नगरपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि संचित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम भीरकोट नगर सभाले यो संशोधित ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** यस ऐनको नाम (१) " भीरकोट नगरपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

भीरकोट नगरपालिका

२. **आर्थिक वर्ष २०७५।०७६ को निमित्त संचित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७५।०७६ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च (आय-व्यय विवरण), अनुसूची २ मा राजश्व तथा अनुदान प्राप्तिको अनुमान, अनुसूची ३ मा व्यय अनुमान र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ४१ करोड २५ लाख ८ हजार ३ सय मा नबढाई निर्दिष्ट गरिए बमोजिम संचित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** यस ऐनद्धारा (१) संचित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त भीरकोट नगरपालिको नगरकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

भीरकोट नगरपालिका

# अनुसूचि-१

## (दफा २ संग सम्बन्धित)

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम

## संचित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगर कार्यपालिका | १५,२७,३५,५००/- | ८,५३,७२,८००/- | - | २३,८१,०८,३००/- |
| २ | | वडा समिति | - | २२५०००००/- | - | २,२५,००,०००/- |
| ३ | | बिषयगत शाखा | १४,९२,७४,०००/- | १७,२६,०००/- | - | १५,१०,००,०००/- |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | - | - | - | - |
| ५ | | लगानी (शेयर/ऋण) | - | - | ९,००,०००/- | ९,००,०००/- |
| | | | | | | ४१,२५,०८,३००/- |

भीरकोट नगरपालिका